राक्सिराङ्ग गाउँपालिका

# गाउँ कार्यपालिका

चैनपुर

बैठक संख्या : ४५

मिति : २०७७।०३।०९ गते मंगलवार

आज मिति २०७७ असार ०९ गते मंगलबार दिनको ११:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको ४५ औं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री निर्मला हिम्दुङ | |
| ३ | सदस्य | श्री कान्छाराम रुम्बा, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री सुर्य बहादुर मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री बाबुलाल स्याङतान, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री चन्द्र सिंह प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री सिंगलाल प्रजा, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री कुल बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री रामकृष्ण प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सिमोन वि.क. | |
| १३ | सदस्य | श्री मैना कुमारी गोले | |
| १४ | सदस्य | श्री गौरीमाया स्याङतान | |
| १५ | सदस्य | श्री कर्ण कुमारी राउत | |
| १६ | सदस्य | श्री सुकमाया वि.क. | |
| १७ | सचिव | श्री युवराज आचार्य | |

**बैठक नं. ४५**

**राक्सिराङ्ग गाउँपालिका**

**गाउँ कार्यपालिकाको ४५ औं बैठकमा प्रस्तुत प्रदेश सरकारको विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको म्याद थपको लागि अनुरोध गर्ने सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. : ०५

मितिः २०७७/०३/०९ गते मंगलवार

१. पृष्ठभूमी :

मकवानपुर जिल्लाको दुर्गम यस राक्सिराङ्ग गाउँपालिकाको विकास समृद्धिमा सहकार्य गर्न वागमती प्रदेश सरकाद्धारा चालु आर्थिक वर्षमा सडक सञ्जालको विस्तार गर्न समपुरक अनुदान र खानेपानी व्यवस्थापन गर्न विशेष अनुदान उपलब्ध गराएको । तर, सन् २०१९ को अन्त्यतिर चीनको वुहान क्षेत्रबाट देखिएको कोभिड-१९ (कोरोना भाइरस) ले विश्वव्यापी महामारीको रुप धारण गरे पश्चात नेपाल सरकारले सोको रोकथाम तथा न्यूनीकरणको लागि गरेको लकडाउनको कारण समयमा कार्य प्रकृया अघि बढाउन नसकिएकी, तथा ठेक्का सकार गर्ने निर्माण व्यवसायी फर्म/कम्पनीले समेत समयमा कार्य सञ्चालन तथा सम्पन्न गर्न नसेको हुँदा प्रदेश सरकारसँग आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने समयावधि थप गर्न अनुरोध गर्ने सम्वन्धी यो प्रस्ताव पेश गरिएको छ ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य :**

चालु आर्थिक वर्षका निमित्त यस राक्सिराङ्ग गाउँपालिकालाई प्राप्त प्रदेश सरकारको सशर्त र विशेष अनुदानको बजेटबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुले अति विपन्न तथा पिछडिएका चेपाङ्ग समुदायको जीवनस्तर सुधार गर्न थप सहयोग पुग्ने ।

**३. निर्णयका आधार र कानूनी व्यवस्था :**

वर्तमान नेपालको संविधानको भाग २०मा संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध को व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले समेत संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यमा कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ ।

**४. निर्णय हुनुपर्ने व्होरा**

चालु आर्थिक वर्षका निमित्त वागमति प्रदेश सरकारबाट समपुरक तथा विशेष अनुदान शीर्षकबाट सञ्चालन गर्न प्राप्त तपशिलका आयोजना तथा कार्यक्रमको सम्पन्न गर्ने समयावधी आगामी आर्थिक वर्षको फागुन मसान्तसम्म थप गरिदिन अनुरोध गर्ने ।

तपशिल :

(क) समपुरक अनुदान अन्तर्गतका

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कासिराङ्ग-लोजा-भैरुवास-मलेखु-धादिङ्ग सडक | ६७,९३,७६२।३२ | |
| २. | दुंगु अठारे सडक स्तरोन्नती | ८५,४३,५२१।२४ | |

(ख) विशेष अनुदान अन्तर्गतका

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | वरायटार-निङ्गराङ्ग-कालिधाप खानेपानी आयोजना | २९,५५,३५२।६९ | |
| २. | लुकचुक-खिराङ्ग खानेपानी आयोजना | २९,३७,३८९।८० | |
| ३. | ठाडेचुरी-बोटकारी-बाङ्गखिराङ्ग खानेपानी आयोजना | २९,६०,०००।०९ | |

**उपरोक्त व्होराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने ।**

| | | | |
|---|---|---|---|
| (तुकमाया वि.क.)<br>कार्यपालिका सदस्य | (कर्ण कुमारी राउत)<br>कार्यपालिका सदस्य | (गौरीमाया स्याङ्तान)<br>कार्यपालिका सदस्य | (मैना कुमारी गोले)<br>कार्यपालिका सदस्य |
| (सिमोन वि.क.)<br>कार्यपालिका सदस्य | (कान्छाराम रुम्बा)<br>वडा-अध्यक्ष | (सुर्य बहादुर मुक्तान)<br>वडा अध्यक्ष | (बाबुलाल स्याङ्तान)<br>वडा अध्यक्ष |
| (संजय कोइराला)<br>वडा अध्यक्ष | (चन्द्र सिंह प्रजा)<br>वडा अध्यक्ष | (सिमलाल प्रजा)<br>वडा अध्यक्ष | (कुल बहादुर प्रजा)<br>वडा अध्यक्ष |
| (रामकृष्ण प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष | (निर्मला हिम्दुङ)<br>उपाध्यक्ष | ([illegible]कुमार मल्ल)<br>अध्यक्ष |